टोकियो महानगरीय शिक्षा बोर्ड



महानगरीय उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको लागि कार्यस्थल अनुभव

# जब क्याम्प 2023

**सहभागिताको लागि आवेदन खुला छ (सबै ग्रेडहरूको लागि)**

## जब क्याम्प भनेको के हो?

यो क्याम्पमा तपाईंले कार्य विवरणको व्याख्या गरिएको 6 वटा विषयहरू र आफूलाई अनुकूल हुने क्षेत्र र समयतालिकाबाट आफूलाई रुचि भएको अनुभव कार्यक्रम चयन गरी पूर्व प्रशिक्षण र पोस्ट प्रशिक्षण सहितको कुल 4 दिनको कार्यक्रममा सहभागी हुन सक्नुहुन्छ।
के तपाईं जब क्याम्पमा सहभागी भई आफ्नो सम्भावित भविष्य मध्येको एउटा विषयलाई चियाएर हेर्न चाहनुहुन्छ?

- **विशेषता 1** 6 विषयहरूबाट कार्य अनुभव चयन गर्न सकिन्छ।
- **विशेषता 2** गर्मी बिदाको समयमा आफूलाई मिल्ने समयतालिकामा सहभागी सकिन्छ।
- **विशेषता 3** सबै ग्रेडहरूको लागि हुनाले यो पहिलो ग्रेडदेखि नै कार्यस्थल अनुभव गर्न सक्ने बहुमूल्य अवसर हो।
- **विशेषता 4** पूर्व प्रशिक्षण र पोस्ट प्रशिक्षण हुनाले ढुक्क भएर सहभागी हुन सकिन्छ।
- **विशेषता 5** 4 दिनमा यातायात खर्च 3,000 येन भुक्तानी गरिनेछ।

**6 वटा विषयहरू 300 कार्यक्रमबाट आफूलाई उपयुक्त हुने कार्यस्थल अनुभव चयन गर्न सकिन्छ!**

**कार्यान्वयन अवधि** जुलाई 24 सोमबार ~ अगस्ट 31 बिहीबार

(माथि लेखिएको अवधि भित्रबाट 4 दिनको कार्यस्थल अनुभव चयन गर्न सकिन्छ। विस्तृत विवरणको लागि आधिकारिक वेबसाइट हेर्नुहोस्।)

कार्यक्रमको विस्तृत विवरण र सहभागिताको लागि आवेदन दिनको लागि आधिकारिक वेबसाइट [https://jobcamp.metro.tokyo.lg.jp] मा जानुहोस्। | जब क्याम्प | खोज्नुहोस्

कार्यक्रमको विस्तृत विवरणको लागि लिफलेटको पछाडिको भाग Check गर्नुहोस्!

महानगरीय उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको लागि कार्यस्थल अनुभव

# जब क्याम्प 2023

## सहभागितासम्मका चरणहरू

सुरुमा स्मार्टफोनले दायाँपट्टि भएको 2D बारकोड स्क्यान गरी साइटमा जानुहोस्।

## STEP 1

### "कार्यस्थल अनुभवमा सहभागी हुने कम्पनी खोज्ने"

**6 वटा विषयहरू**

- खाने
- सिर्जना गर्ने
- रमाइलो गर्ने
- अतिथि सत्कार गर्ने
- आड दिने
- पुऱ्याउने

×

**7 वटा क्षेत्रहरू**

- 23 सहरहरूको पश्चिमी भाग
- 23 सहरहरूको दक्षिणी भाग
- 23 सहरहरूको पूर्वी र उत्तरी भाग
- कितातामा क्षेत्र
- मिनामितामा क्षेत्र
- निसितामा क्षेत्र
- अन्य (कानागावा जिल्ला/चिबा जिल्ला/साइतामा जिल्ला)

×

**6 वटा समयतालिका**

- 7/24 (सोमबार) ~ 7/27 (बिहीबार)
- 7/31 (सोमबार) ~ 8/3 (बिहीबार)
- 8/7 (सोमबार) ~ 8/10 (बिहीबार)
- 8/14 (सोमबार) ~ 8/17 (बिहीबार)
- 8/21 (सोमबार) ~ 8/24 (बिहीबार)
- 8/28 (सोमबार) ~ 8/31 (बिहीबार)

तपाईंहरूको दैनिक जीवनसँग निकट रहेका 6 वटा विषयका साथसाथै सजिलै सहभागी हुन सक्ने क्षेत्र र समयतालिकाबाट कार्यस्थल अनुभवमा सहभागी हुने कम्पनीहरू खोज्न सकिन्छ।

## STEP 2

### "कार्यस्थल अनुभवमा सहभागी हुन चाहने कम्पनी तय गरेपछि आवेदन दिने"

कार्यस्थल अनुभवमा सहभागी हुन चाहने कम्पनी फेला परेमा "जब क्याम्पमा सहभागी हुने" बटनबाट सहभागिताको लागि आवेदन दिनुहोस्। जानकारी इनपुट गर्ने स्क्रिनमा आवश्यक जानकारी प्रविष्ट गरेर सजिलै आवेदन दिन सकिन्छ। कार्यालयबाट आवेदन स्वीकार गरेको कुरा लेखिएको इमेल प्राप्त भएपछि आवेदन प्रक्रिया पूरा हुन्छ।

*प्रत्येक कार्यस्थल अनुभवको सहभागी संख्या सीमित हुनाले तोकिएको सहभागी संख्याको लागि आवेदन प्राप्त भएपछि आवेदन लिन बन्द गरिनेछ। त्यसकारण तपाईं सहभागी हुन चाहने कार्यस्थल अनुभवको लागि जति सक्दो चाँडो आवेदन दिनुहोस्।

## STEP 3

### "पूर्व प्रशिक्षण ~ कार्यस्थल अनुभव ~ पोस्ट प्रशिक्षण सबै गरेर कुल 4 दिनको कार्यक्रममा सहभागी हुने"

हामीले दुई दिन (कुल 6 घण्टा) को कार्यस्थल अनुभवका साथसाथै सहभागी हुनु अघि कार्यस्थल अनुभव गराउने कम्पनीको बारेमा जान्ने र आधारभूत बिजनेस मर्यादा आदि सिक्ने "पूर्व प्रशिक्षण" तथा कार्यस्थल अनुभवलाई फर्केर हेरी त्यहाँ हासिल गरेको ज्ञान र आत्म विकासलाई ठोस रूप दिनको लागि "पोस्ट प्रशिक्षण" सम्म गरी कुल 4 दिनको कार्यक्रम तयार गरेका छौं।

**सहभागिताको इमेज**

| पहिलो दिन | | दोस्रो दिन | | तेस्रो दिन | | चौथो दिन | |
|---|---|---|---|---|---|---|---|
| AM | PM | AM | PM | AM | PM | AM | PM |
| पूर्व प्रशिक्षण 6 घण्टा | | कार्यस्थल अनुभव 2 दिनको अवधिमा प्रति दिन 3 घण्टा, कुल 6 घण्टा | | | | पोस्ट प्रशिक्षण 3 घण्टा AM वा PM चाहीँ समयतालिका र कार्यक्रमस्थान अनुसार फरक हुन्छ। | |

## सम्पर्क

टोक्यो महानगरीय उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको कार्यस्थल अनुभव कार्यक्रम सञ्चालन कार्यालय
(पर्सोल तेम्पस्टाफ कम्पनी लिमिटेड, गाकुज्यो कम्पनी लिमिटेड)

**TEL** 03-3593-1512 (गाकुज्यो)  **mail** jobcamp@gakujo.ne.jp (गाकुज्यो)

**खुला समय** 9:15~18:00 (सोमबार - शुक्रबार)